# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, मार्ग १८ गते २०३० साल

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको

### सूचना

नेपाल विशेष अदालत ऐन, २०१३ बमोजिम गठन भइरहेका विशेष अदालतहरूले आफूलाई सुम्पिएका मुद्दाहरूको देहायबमोजिम मासिक र वार्षिक प्रतिवेदन नियमित रूपले कानून तथा न्याय मन्त्रालय, न्याय प्रशासन शाखामा पठाउन पर्ने गर्ने भन्ने श्री ५ को सरकारले मिति २०३०।७।१४ मा निर्णय गरेको छ :–

. . . . . . . मितिको नेपाल राजपत्रमा
प्रकाशित सूचना अनुसार गठित
. . . . . . . विशेष अदालत
मुकाम . . .
. . . साल . . . . . को मासिक प्रतिवेदन

क. गत महीनाको जिम्मेवारी मुद्दा थान . . . . . . . .
यो महीनामा दायर भएको मुद्दा थान . . . . . . .
जम्मा लगत मुद्दा थान . . . . . . .
सोमध्ये फछ्यौंट मुद्दा थान . . . . . . .



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ख. नयाँ दायर भएका मुद्दाको छोटकरी विवरण ( नयाँ दायरी वा सरुवा भइआएको मुद्दाको किसिम)

ग. फछ्यौंट भएका मुद्दाको फछ्यौंटको छोटकरी विवरण (सजाय भएको मुद्दामा दण्ड सजाय असूल भए नभएको, लगत दिइसके नसकेको)

घ. बाँकी मुद्दा किन बाँकी रहेको, के कारवाई भइरहेको, कहिलेसम्म कारवाई टुङ्गिने वा किनारा हुने प्रत्येक मुद्दाको छोटकरी विवरण (प्रमाणको मिसिलसाथ भए सो समेत उल्लेख गर्ने)

अध्यक्ष . . . . . .
सदस्य . . . . . .
सदस्य . . . . . .

मितिः– . . . . . . .

१. मासिक प्रतिवेदन पठाउँदा अध्यक्ष वा सदस्यमध्ये कम्तीमा १ जनाले हस्ताक्षर गरी पठाउनु पर्छ र महीना भुक्तान भएको ७ दिनभित्र पठाउनु पर्नेछ ।

२. मासिक प्रतिवेदनको ढाँचाको आधारमा वार्षिक प्रतिवेदन प्रत्येक श्रावण मसान्तसम्ममा पठाउनु पर्नेछ । वार्षिक प्रतिवेदनमा खण्ड (ख) र (ग) को व्यहोरा खुलाउन आवश्यक छैन ।

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४६४